दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली , दाङ

लुम्बिनी प्रदेश , नेपाल

## सेवा करारमा सहजकर्ता (तथ्याङ्क संकलक) आवश्यकता सम्बन्धी सूचना

**पहिलोपटक सूचना प्रकाशित मितिः २०८२/०१/२४**

यस दंगीशरण गाउँपालिकामा किसान परिचयपत्र वितरण नमूना कार्यक्रम अन्तर्गत किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका २०८१ मा भएको व्यवस्था बमोजिम किसान सूचिकरण कार्य गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेकोले इच्छुक योग्य नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ ।

पद विवरण:

१. विज्ञापन नम्बरः ५/०८१/८२

| क.सं . | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १. | सहजकर्ता (तथ्याङ्क संकलक) | २ (दुई) | • मान्यताप्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमणपत्र तह वा सो सरह उत्तीर्ण गरेको , कृषि तथा पशु विज्ञान सम्बन्धी विषय लिई पढेको भएमा विशेष ग्राह्यता दिइनेछ ।<br>• कम्प्यूटर सम्बन्धी आधारभूत तालिम लिएको हुनुपर्ने ।<br>• इन्टरनेट सम्बन्धी ज्ञान हुनुको साथै आफ्नै Android मोबाइल सेट वा ट्याब्लेट भएको हुनुपर्ने ।<br>• आ.व. ०७९/८० मा किसान सूचिकरण सहजकर्ता भई दंगीशरण गाउँपालिका अन्तरगत कार्य गरेको भएमा पहिलो प्राथमिकता दिइनेछ । |

**कार्य अवधिः** २०८२ असार मसान्त सम्म

**तलब तथा अन्य सुविधा :** किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका २०८१ मा भएको व्यवस्था बमोजिम

**आवेदन दस्तुरः** रु. २००

**आवश्यक कागजातहरु :**

- गाउँपालिकाको कार्यालयबाट प्राप्त हुने फारम
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, तालिम ,अनुभवको प्रमाणपत्रको प्रतिलिपि
- पासपोर्ट साईजको फोटो ३ प्रति

**छनौट प्रक्रियाः** छोटो सूची प्रकाशन, अन्तरवार्ता र प्रयोगात्मक परीक्षा

**दरखास्त दिने अन्तिम मिति :** सूचना प्रकाशन भएको मितिले ७ औं दिनको कार्यालय समय भित्र दंगीशरण गाउँपालिकाको प्रशासन शाखामा बुझाउन सकिने छ । आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट बुझाउन सकिने छ ।

*थप सूचना यस कार्यालयको वेवसाइट www.dangisharanmun.gov.np मा उपलब्ध हुनेछ ।*